नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

# महालेखा नियन्त्रक कार्यालय

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०६८।१।२८

१. यस कार्यालयको लागि आ.व. २०६७।६८ को लागि तपसिल बमोजिमका सर्भर बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक व्यवसायीहरूबाट निम्न शर्तहरूका अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | सामानको विवरण | परिमाण | बोलपत्र दस्तुर | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | ०९/०६७।६८ | Rack Mount RISC Server<br>Enterprise Rack | २ थान<br>२ थान | रु. ३०००।- | सि.बोलपत्र |

२. बोलपत्रदाताको योग्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले बोलपत्रसाथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ :

क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ख) मू.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि

ग) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायसम्बन्धी कसुरमा आफूले सजायं नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

घ) आ.व. २०६६।६७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सामानको Specification बोलपत्र फारामका साथ उपलब्ध हुनेछ । यसमा पूर्वजानकारी आवश्यक परेमा कार्यालय समयमा यस कार्यालयमा आई हेर्न बुझ्न सकिने छ ।

४. सिलबन्दी बोलपत्र फाराम कार्यालयको आन्तरिक प्रशासन शाखा ( खरिद इकाई )बाट यो सूचना प्रथमपटक प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयभित्र खरिद गरी ३१ औं दिनको १२ बजेभित्र सिलबन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।

५. बोलपत्रमा आइटमवाइज दर रेट अंक र अक्षर दुबैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला हुने अन्तिम मितिबाट ९० दिन हुनेछ । बोलपत्रदाताले बोलपत्रसाथ कबोल रकमको कम्तिमा २.५ प्रतिशत (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने रकममा नघटाई बोलपत्रको मान्य अवधिभन्दा कम्तिमा ३० दिन बढी अवधिको म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेण्टी (बिड बण्ड) को सक्कल प्रति वा नगद जम्मा गर्नुपर्नेछ । नगद जमानतका लागि ने.रा.बैंक, थापाथलीस्थित यस कार्यालयको स.अ.धरौटी खाता नं. ........ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

७. पेश हुन आएका सिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९. बोलपत्रमा उल्लेखित सामानको परिमाण आवश्यकता अनुसार घटबढ भएमा पनि आपूर्तिकर्ताले स्वीकार गर्नु पर्नेछ ।

१०. सूचनाको दफा २ बमोजिमका कागजातहरू नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको एवं स्पेसिफिकेशन बमोजिम नभएको बोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

१२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५६ को उपनियम ३ अनुसार आपूर्ति गरिने मालसामान बोलपत्रदाताले उत्पादन नगर्ने भएमा त्यस्तो मालसामानको उत्पादक निकायको लागि प्रस्ताव पेश गर्ने, मालसामान आपूर्ति गर्ने र मर्मत गर्ने सम्बन्धी अधिकार आफूलाई एकलौटी रूपमा रीतपूर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात बोलपत्रदाताले पेश गर्नु पर्ने ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. कुनै कारण वश यो सूचना कुनै पनि समयमा आंशिक वा पूर्ण रुपमा कार्यालयले रद्द गर्न सक्नेछ ।

१५. यो सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१६. यो सूचना यस कार्यालयको वेबसाइट WWW.FCGO.GOV.NP मा समेत हेर्न सकिनेछ ।